आज मिति २०७८ साल फाल्गुन ०३ गते जिल्ला प्रशासन कार्यालय, सल्यानका प्रमुख जिल्ला अधिकारी श्री विपिन आचार्यज्यूको अध्यक्षतामा देहायका कार्यालय प्रमुख / प्रतिनिधिको उपस्थितिमा कार्यालय प्रमुखको बैठक बसी देहायका निर्णय गरियो ।

उपस्थिति :-

श्री विपिन आचार्य — प्रमुख जिल्ला अधिकारी
श्री राजेन्द्र प्रसाद पोखरेल — जिल्ला समन्वय अधिकारी, जि.स.स.को.का.
श्री पुडामणि रेग्मी, ASHA, Salyan
कपिल प्रसाद उपाध्याय — प्रमुख अस्पताल तथा प्रमुख सेवा का.
सन्तोष वस्नेत, लेखापाल जिल्ला निर्वाचन कार्यालय सल्यान
कमल पाण्डे, लेखापाल, कोष तथा ले.नि.का., सल्यान ।
रमेश बहादुर भण्डारी - प्र.नि. ई. प्रमुख सल्यान ।
नृप जंग शाही — डी.ई., उद्योग तथा उ.हि.सि.का. "
गणेश प्रसाद आचार्य — प्रशा. अधिकृत जि.कृ.का. सल्यान
धिरेन्द्र भण्डारी — लेखा अधिकृत जि.हु.का. सल्यान
हरि प्रसाद सापकोटा नि. कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय, सल्यान
गोविन्द उपाध्याय — नापी अधिकृत — नापी कार्यालय, सल्यान
निलाधर ढकाल नि.प्र.अ. शारदा न.पा. सल्यान
गोपाल शर्मा वनस्पति सहायक — वनस्पति अनुसन्धान केन्द्र सल्यान
गणेश प्रसाद आचार्य — त्रिवेणी गा.पा. सल्यान
लालबहादुर घर्तीमगर इ.प्र. खा.पा. तथा सरसफाइ सल्यान
नवराज बिष्ट — नि. व.प्र.अ. PMAMP, सल्यान
युद्ध बहादुर के.सी. का.प्र. दूरसञ्चार कार्यालय सल्यान
बलबहादुर के.सी. नि.का.प्र. कारागार कार्यालय
युवराज खड्का — कर अधिकृत, करदाता सेवा कार्यालय सल्यान
प्रवीण जङ्ग शाह — सामुदायिक विकास संस्था सल्यान (ओ)
सुलोचना वर्धन जि.वा.का. सल्यान SN (२०५)
रमेश कुमार गिरी — नि.डि.व.अ. — डि.व.का., सल्यान
सन्तोष रायमाझी - सप्रस नेपाल, प्रान्तीय गुल्म सल्यान
राधा ...
समिम ... कुनवर — ... प्रमुख जिल्ला अधिकारी ... अधिकृत ... (...)

विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी

निर्णय नं. १.

मिति २०७९ साल बैशाख ३० गते स्थानीय तहको निर्वाचन मिति घोषणा भइसकेको व्यहोरा अवगत नै छ । निर्वाचन अवधिमा निर्वाचन सामग्री ढुवानी, मतदानस्थल अनुगमन लगायत अन्य शान्ति सुरक्षासँग सम्बन्धित कार्य उपलब्ध सिमित श्रोत सोधनको उपयोग मार्फत नै गर्नुपर्न सक्ने अवस्थालाई दृष्टिगत गरी सवारी साधन उपलब्ध भएका कार्यालयले सवारी साधनको मर्मत सम्भार समेत गरी आवश्यक परेको समयमा उपलब्ध हुने व्यवस्था मिलाउने ।

निर्णय नं. २.

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/१०/२४ को निर्णयानुसार आगामी २०७९ बैशाख ३० गते स्थानीय तहको निर्वाचन घोषणा भइसकेको सन्दर्भमा निर्वाचन कार्यमा खटिनुपर्ने जस्ता कारणले गर्दा जिल्लास्थित कार्यालयका कर्मचारीहरुलाई अत्यावश्यक अवस्थामा बाहेक बिदा नछोड्ने व्यवस्था मिलाउन गृह मन्त्रालय निजामती कर्मचारी प्रशासन शाखाको च.नं. १००५, मिति २०७८/१०/२५ गतेको पत्रबाट निर्देशन भई आएकोले सम्बन्धित कार्यालय प्रमुखले सोही बमोजिमको व्यवस्था मिलाउने । साथै कार्यालय प्रमुखले जिल्ला छोड्नै पर्ने अवस्था भए जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने ।

निर्णय नं. ३.

कोभिड-१९ संक्रमणको जोखिम हालसम्म पनि कायमै रहेकोले सेवा प्रवाह गर्दा स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने/गराउने ।

निर्णय नं. ४.

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०९/३० गतेको बैठकको निर्णयानुसार कार्यालयमा कार्यरत कर्मचारी कोभिड-१९ बाट संक्रमित भई अस्पताल भर्ना भएकोमा अस्पतालबाट डिस्चार्ज भएको ३ दिनसम्म तथा होम आइसोलेशनमा बसेकोमा ७ दिनसम्मको लागि र कन्ट्याक्ट ट्रेसिङमा परेकोमा सम्बन्धित कार्यालय प्रमुखको अनुमति लिई कोभिड-१९ परीक्षण नगरेसम्म बढीमा ५ दिनसम्मको लागि निजको संचित वा पाउने विदाबाट कट्टा नहुने गरी विदा जनाउने ।

निर्णय न. ५.

सार्वजनिक विदाको दिनमा कार्यालयको सवारी साधन प्रयोग गर्नुपर्ने भए जिल्ला प्रशासन कार्यालयबाट सवारी साधन अनुमति लिएर मात्र प्रयोग गर्ने ।

विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी

विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी

निर्णय नं. ६.

सेवा प्रवाह गर्न frontline मा बसेर काम गर्ने कर्मचारीको बोली र व्यवहारमा शिष्टता कायम गर्ने । कार्यालयले सेवा प्रवाह गर्ने तौर तरिकालाई सरल, सहज, पारदर्शी बनाई सुशासनको प्रत्यक्ष अनुभूति हुने गरी सेवा प्रवाह गर्ने ।

विपीन आचार्य
प्रमुख जिल्ला अधिकारी